


# हाम्रा कथा

(बालकथा सङ्ग्रह)

बालसन्दर्भ सामग्री

बालबोध- ५०

891.495
CDC-h
2062 c.2

बालसन्दर्भ सामग्री

बालबोध- ५०

# हाम्रा कथा

(बालकथा सङ्ग्रह)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

प्रकाशक श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

कार्यक्रम संयोजन : हर्कप्रसाद श्रेष्ठ

सामग्री संयोजन : भरत नेपाली प्याकुरेल
सम्पादन जयप्रसाद लम्साल

भाषा सम्पादन : विष्णुप्रसाद अधिकारी
लोकप्रकाश पण्डित

Ac·1063
c2

टाइप सेटिङ : अनिल कार्की

आवरण तथा रूपविन्यास : श्रीहरि श्रेष्ठ

चित्राङ्कन : युवक श्रेष्ठ
श्रीहरि श्रेष्ठ

ISBN : 99933-712-5-4

पहिलो संस्करण : २०६२

मुद्रण : ५,००० प्रति

मुद्रक : एनपिटिसी लिमिटेड, फोन : ४४७६२२६, ४४७७३७१

# हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएका विविध पाठ्यसामग्रीहरूमध्ये बालसन्दर्भ सामग्रीले  बालबालिकाको मनोवैज्ञानिक स्थितिअनुरूपको पढाइप्रतिको अभिरुचि, अध्ययन रुचि, जिज्ञासु प्रवृत्ति एवम् सिकाइक्रमको परिधिलाई समेत अझ विस्तृत गरी दरिलो पार्न प्रभावकारी भूमिका निर्वाहं गर्ने अपेक्षा राखिएको हुन्छ ।

यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य बालसन्दर्भ सामग्रीले लिएको छ ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वाध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ४८ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ५३ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल,  तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।

सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

२०६२

जगन्नाथ अवा

कार्यकारी निर्देशक

**पाठ्यक्रम विकास केन्द्र**


सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | ज्ञानी सोनाम | १ |
| २. | भूपीको खुबी | ७ |
| ३. | बहिदार बाजेको सुगा | १३ |
| ४. | निडर दलवीर | २० |
| ५. | छट्टु बाँदरको बिहे | २५ |
| ६. | घमन्डी राक्षस | ३० |






# ज्ञानी सोनाम

रेवती राजभण्डारी



एउटा गरिब किसानका तीन जना छोरा थिए । तीन छोरामध्ये जेठो र माहिलो छट्टु थिए । कान्छो सोझो र ज्ञानी थियो । उसको नाम सोनाम थियो । सोनामलाई बाबुआमाले त्यति मन पराउँदैनथे । आमाले मीठो खानेकुरा जेठो र माहिलोलाई दिन्थिन् । सोनामलाई दिए पनि थोरै दिने गर्थिन् । सोनाम साह्रै सन्तोषी थियो । ऊ दिए जति खानेकुरा हाँसीखुसी खान्थ्यो । त्यसैले उसको शरीर हृस्टपुस्ट र खाइलाग्दो देखिन्थ्यो ।

एक दिन किसानको घरमा खाना पकाउने दाउरा सकियो । जेठो छोरो दाउरा लिन वनमा गयो । उसकी आमाले मीठो खाजा दिएर पठाइन् । जङ्गलमा पुगेपछि एकजना माग्नेले "पाँच दिनदेखि भोकै छु" भनेर खाजा माग्यो । उसले माग्नेलाई खाजा दिएन । खाजा



खाइसकेपछि रूख काट्न लाग्दा बञ्चरोले उसको खुट्टा काट्यो । ऊ खुट्टा खोच्याउँदै बल्लतल्ल घरमा आइपुग्यो ।

भोलिपल्ट माहिलो छोरा दाउरा खोज्न वनमा गयो । त्यसलाई पनि आमाले मीठो खाजा दिएर पठाइन् । ऊसँग पनि माग्नेले खानेकुरा माग्यो । उसले पनि माग्नेलाई खाजा दिएन । उसलाई पनि दाउरा काट्दा झन् ठूलो घाउ लागेर रित्तै घर फर्क्यो ।

तेस्रो दिन सोनामले आमालाई भन्यो - "आमा, म दाउरा लिन



वनमा जान्छु ।" उसलाई भुटेको मकै र बासी रोटी दिएर आमाले वन पठाइन् ।

वनमा पुगेपछि ऊसँग पनि माग्ने आएर खानेकुरा माग्यो । सोनाम साह्रै दयालु थियो । उसले आफूलाई खान ल्याएको केही खाजा माग्नेलाई दियो । बाँकी रहेको खाजा आफूले खायो । खाजा खाइसकेपछि माग्ने ज्यादै खुसी भयो ।



उसले सोनामलाई माया गरेर वनभित्र लगेर एउटा सुकेको रूख देखायो । सोनामले रूख काट्दा त्यो रूख जरैसमेत ढल्यो । जराभित्र असर्फीले भरिएको सुनको गाग्री भेटियो । सोनाम एक हातमा सुनको गाग्री च्यापी अर्को हातले आफूले ढलाएको रूख घिसारेर हिंड्न लाग्यो ।



सुनको गाग्री रेखदेख गरेर बस्ने पाँचजना राक्षस थिए । उनीहरूले सुनको गाग्री खोसेर लिन खोजे । तर राक्षसहरूले सोनामको हातबाट सुनको गाग्री खोस्न सकेनन् । ती राक्षस रूखमा अल्झिएर सोनामसँगै गए । राक्षसहरू उम्कन खोजे तर सकेनन् । रूखको जरामा टाँसिएका पाँच जना राक्षसलाई घिसार्दै आइरहेको केटोलाई देखेर सबै बटुवा छक्क परे ।

त्यो खबर तुरुन्त राजाकहाँ पुग्यो । राजा आफै आएर त्यो दृश्य हेरेर छक्क परे । हृस्टपुस्ट र खाइलाग्दो जवान केटो देखेर राजा लोभिए ।



राजाले आफ्नी एक्ली छोरी त्यो बहादुर केटालाई दिने विचार गरे । भोलिपल्ट बिहान राजाले सोनामलाई दरबारमा बोलाए । राजाकी छोरी राजकुमारीसँग सोनामको धुमधामसँग बिहे भयो । अरूको भलो गर्दा आफ्नो पनि भलो हुँदो रहेछ ।

# भूपीको खुबी

कपिल लामिछाने



एकादेशमा एउटा टुहुरो केटो थियो । उसलाई सबै भूपी भन्थे । भूपीका आमाबाबु थिएनन् । ऊ सानीआमाको घरमा बस्थ्यो । सानीआमाले उसलाई हेला गर्थिन् । राम्रो लगाउन दिन्नथिन् । मीठो खान दिन्नथिन् । जति काम गरे पनि जस दिन्नथिन् । सानीआमादेखि भूपी दिक्क भइसकेको थियो । उसले घर छाड्ने निधो गऱ्यो ।

एक दिन ऊ घरबाट हिँड्यो । जाँदाजाँदा ऊ नदीको किनारामा पुग्यो । हेर्दाहेर्दै पानीको भेलले एउटा फुच्चे माछा पाखामा पाऱ्यो । त्यो माछो फटफट गर्दै थियो । उसले फुच्चे माछालाई तुरुन्तै पानीमा पुऱ्याइदियो । फुच्चे आमाकहाँ पुग्यो ।

फुच्चेकी आमाले भूपीलाई भनी - "बाबु ! तिमी बडो ज्ञानी रहेछौ । मेरो फुच्चेलाई बचाइदियौ । भन, तिम्रा लागि म के गर्न सक्छु ?"

भूपीले भन्यो - "त्यसो हो भने म चाहिँदा भनुँला ।"

फुच्चेकी आमाले भनी - "हुन्छ, चाहिँदा अवश्य सम्झनू । नबिर्सनू नि !"

भूपी त्यहाँबाट हिँड्यो । जाँदाजाँदा बाटामा एउटा खोलो तर्दै थियो । त्यहाँ उसले बगिरहेको कमिलाको गोलो देख्यो । उसले त्यसलाई पाखामा राखिदियो ।

कमिलाकी रानीले भनी - "बाबु ! तिमी बडो ज्ञानी रहेछौ । हामीलाई बचाइदियौ । भन, तिम्रा लागि म के गर्नसक्छु ?" भूपीले भन्यो - "त्यसो हो भने म चाहिँदा भनुँला"

भूपी त्यहाँबाट पनि हिँड्यो । जाँदाजाँदा ऊ अर्को खोलाको छेउमा पुग्यो । त्यहाँ मानिसले लुगा सुकाएका थिए । एउटा चराको बचेराको खुट्टा लुगामा अल्झेको थियो । माउ रूखबाट हेरिरहेको थियो । बचेरा कराइरहेको थियो । उसले बचेरालाई कपडाबाट छुटाइदियो । बचेरा उडेर माउ भएको ठाउँमा पुग्यो । माउ चराले भूपीलाई भन्यो - "म

तिमीलाई सहयोग गर्न चाहन्छु । भन, तिम्रा लागि म के गर्न सक्छु ?"

भूपीले भन्यो- "त्यसो हो भने म चाहिँदा भनुँला ।"

भूपी जाँदाजाँदा एक अर्को ठूलो नदी किनारमा पुग्यो । ऊ बगरमा हिँड्दै थियो । बगरको छेउमा बुट्यान थियो । त्यहींनेर एउटा स्याल बगर खोस्रँदै थियो । ऊ हेरिरह्यो । हेर्दाहेर्दै स्यालले खोस्रेको ठाउँबाट अन्डा निकाल्न थाल्यो । अन्डा गोहीका थिए । उसले तुरुन्त स्याललाई लघाऱ्यो । स्यालले एउटा पनि अन्डा नोक्सान गर्न पाएन । गोही पानीबाट आयो ।

गोहीले भूपीलाई भन्यो - "म तिमीलाई सहयोग गर्न चाहन्छु । भन, तिम्रा लागि म के गर्न सक्छु"

भूपीले भन्यो - "त्यसो हो भने म चाहिँदा भनुँला ।"

ऊ त्यहाँबाट फेरि अगाडि बढ्यो ।

जाँदाजाँदा ऊ अचानक राक्षसको बस्तीमा पुग्यो । त्यो थाहा पाएर ऊ फर्किन खोज्यो ।
राक्षसहरूले उसलाई समातेर राजाकहाँ पुऱ्याए ।
राजा डरलाग्दो थियो । टाउकामा भैँसीका जस्ता सिङ थिए ।
मुखबाट हात्तीका जस्ता दारा निक्लेका थिए । नाङ्लाजत्रा कान थिए ।



पाकेको डल्ले खुर्सानीजस्ता रातारा‍ता आँखा थिए ।
राक्षस राजाले हाँस्दै भन्यो- "बल्ल मीठो खानेकुरा पाएँ । अब म तँलाई खान्छु ।

भूपीले निर्धक्कसँग भन्यो- "खा ! मेरो कोही छैन । म टुहुरो छु । मलाई खाएर तँ अघाउँछस् भने खा! । बडाबडा मान्छे उसलाई देखेर डराउँथे । बेहोस हुन्थे । एउटा सानो फुच्चे केटा नडराएको देखेर राक्षस आफैँ डरायो । फेरि पनि नडराएको स्वाङ पारेर उसले भन्यो- "ठीक भनिस् फुच्चे, म तँलाई खान्छु ।"

राक्षसले आफ्ना लामालामा हात लम्कायो । मुख उघार्‍यो ।



च्याल चुहायो । रूखमा चराहरू थिए । भुइँमा कमिलाहरू थिए । भूपीले कमिला र चरालाई सम्झ्यो । भूपीले सम्झनेवित्तिकै चराहरूले चारैतिरबाट राक्षसलाई झम्टे । कमिलाहरू उसको जीउमा चढे । कोही कानमा पसे । कोही नाकमा पसे । कोही जीउभरि दगुर्न थाले । सबैले राक्षसलाई लखेट्न थाले ।


राक्षसहहरू आत्तिए । चरा र कमिलाले राक्षसलाई लखेटे । राक्षसहरू भागाभाग गरे । तिनीहरू छटपटाउँदै नजिकको खोलामा हामफाले । भूपीले माछा र गोहीलाई सम्झ्यो ।



माछा र गोहीले राक्षसलाई टोके । माछा र गोहीले राक्षसलाई पानीभित्रै मारिदिए । त्यहाँदेखि राक्षसहरू दुनियाँमा छैनन् । अब भूपी घरतिर लाग्यो । सानीआमाले सबै कुरा थाहा पाइन् । उनले भूपीलाई माया गर्न थालिन् ।

# बहिदार बाजेको सुगा


गेहेन्द्र दाहाल



बहिदार बाजे निकै दयालु थिए । बहिदार बाजेको घरमा गाई, गोरु, परेवा, बाख्रा आदि थिए । उनी जहिले पनि केही न केही काम गरिरहन्थे । कहिल्यै खाली बस्दैनथे । बहिदार बाजेको घरमा राम्रै बन्दोवस्त थियो ।



एकदिन बहिदार बाजे घाँस लिन जङ्गल गएका थिए । बाटोमा उनले प्वाँख नपलाएको एउटा सुगाको बच्चा भेटे । बच्चा च्याँच्याँ गरी कराइरहेको थियो । बाजेले निकैबेर सुगाको बच्चालाई हेरे । सुगाको बच्चा मर्ने अवस्थामा थियो । बहिदार बाजे दयालु थिए । उनले सुगाको बच्चालाई घरमा लिएर आए ।



बहिदार बाजेले सुगाको बच्चालाई चामल, कोदाका गेडा र पानी खुवाए। एकहप्ता जति यसैगरी सुगाको बच्चालाई चारो खुवाए। सुगाको बच्चा हुर्कन थाल्यो ।

बहिदार बाजे र सुगाको बच्चोबीच सम्बन्ध बढ्दै गयो । बहिदार बाजे दिनहुँ केही समय सुगाको बच्चासँग बिताउन थाले । सुगाको बच्चा च्याँच्याँ गरी कराउँदा बाजेलाई आनन्द लाग्न थाल्यो । बहिदार बाजेलाई देख्दा सुगाको बच्चा पनि खुसी हुन्थ्यो । च्याँच्याँ गरी बाजेको छेउछाउमै घुम्दथ्यो ।

बहिदार बाजेले सुगालाई बोल्ने, हिँड्ने तालिम दिए । सुगा पनि बहिदार



बाजेले भनेको मान्दथ्यो । केही महिनापछि सुगा बोल्न थाल्यो । सुगा बोल्न जान्ने भएकोमा बहिदार बाजे खुसी थिए । गाउँभरि बहिदार बाजेको सुगा बोल्छ भन्ने हल्ला फैलियो ।

गाउँका केटाकेटी बूढाबूढी सबै बहिदार बाजेको सुगासँग गफ गर्न आउन थाले । सुगा पनि गाउँलेसँग गफ गरिदिन्थ्यो । सुगासँग गफ गर्दा गाउँलेहरू आनन्द मान्दथे ।

बहिदार बाजेले सुगालाई सर्कसमा जागिर लागाइदिने विचार गरे । राम्ररी बोल्न सक्ने भएको हुँदा सुगाले तुरुन्तै सर्कसमा जागिर पाइहाल्यो ।


सुगा सर्कसमा सबैसँग बोलिदिन्थ्यो । सर्कस हेर्न गएका सबै सुगाको बोलीबाट आनन्द मान्थे । सुगाको बोलीले गर्दा सर्कस खुब चल्न थाल्यो ।

सर्कस चलाउनेले सुगालाई राम्रो तलब दिन थाल्यो । सुगा सर्कसमा काम गरेर बहिदार बाजेकहाँ फर्कन्थ्यो । सुगा पिँजडामा बसेर बहिदार बाजेसँग गफ गर्दथ्यो । बहिदार बाजे र सुगा दिनहुँ आफ्ना सुखदुःखका कुराहरू गर्दथे । बाजे र सुगा दुवै आनन्दित थिए ।

बहिदारबाजे सुगाले गरेको प्रगतिबाट दङ्ग थिए । दिन आनन्दसँग वितिरहेका थिए । पछि के पर्दछ अगाडि नै कसले जान्दछ र ?

बहिदार बाजेको सुगासँग एउटा बूढो सुगाको सम्पर्क भयो । बहिदार बाजेको सुगालाई बूढो सुगाले भड्काउन थाल्यो । बहिदार बाजेको सुगा कहिलेकाहीँ काममै नजाने भयो । काम छाडेर बूढो सुगासँग लुटपुटिने गर्न थाल्यो ।

सुरुसुरुमा दुवै सुगाबीचको मित्रता बहिदार बाजेलाई राम्रो लागेको थियो । तर आफूले पालेको सुगा बिग्रन थालेको थाहा पाएपछि बहिदार बाजेलाई दु:ख लाग्यो । यसैले बाजेले सुगालाई पहिलेजस्तै काम गर्न भने । सुगाले बाजेले भनेको कुरा टेरेन ।



सुगा बहिदार बाजेसँग निहुँ खोज्ने र झगडा गर्न थाल्यो ।

एकदिन बहिदार बाजेले सुगालाई भने- "अर्काको भड्काउमा लागी तिमीले मसँग नराम्रो व्यवहार गर्न थाल्यौ । मन नमिली नमिली एउटै घरमा बस्न राम्रो हुँदैन । म तिमीलाई यस घरबाट मुक्त गर्दछु । तिमी आफूखुसी जे मन लाग्दछ त्यही गर्नू । जहाँ मन लाग्दछ त्यहीं जानू । तिम्रो जीवन सुखसँग बितोस्" ।



बहिदार बाजेले सुगालाई बिदा दिए । सुगा खुसी मान्दै बूढो सुगाको पछि भुर्र उडेर जङ्गलतिर गयो । सुगाले वनमा बहिदारकहाँ जस्तो पेटभरि मीठो खानेकुरा पाएन । उसलाई बहिदार बाजेको घर छाडेकोमा पछुतो भयो । त्यस सुगाले दुःख पायो ।

# निडर दलवीर



रेवती राजभण्डारी

जङ्गलमा एउटा दाउरे थियो । त्यो दाउरे आफ्नी स्वास्नी र छोरासँगै जङ्गलको ओडारमा बस्दथ्यो । ऊ दिनभर दाउरा बेच्न जान्थ्यो । त्यसकै आम्दानीबाट उसको जीवन निर्वाह भइरहेको थियो । दाउरेको छोराको नाम दलवीर थियो । दलवीर वनमा जीवजन्तुसित खेलेर समय बिताउथ्यो । उसले जीवजन्तु र चरचुरुङ्गीका भाषा बुझ्दथ्यो ।

दलवीरले ठूलो भएपछि बाबुले गरेजस्तो दाउरेको काम गरेन । उसलाई वनबाहिरको संसार घुम्न मन लाग्यो । उसले आफ्नो इच्छा आमाबाबुलाई सुनायो । आमाबाबुले पनि उसलाई “इच्छाअनुसार गर”

1063



भने । ऊ तीन जना मिल्ने साथी मुसा, भ्यागुतो र गौथलीसँगै बाहिर जाने भयो ।

घरबाट निस्कने दिन आमाले छोरालाई भनिन्- "बाबु, हामीसँग एउटा दुःखले भरिएको ठूलो रोटी छ । अर्को सुखले भरिएको सानो रोटी छ । कुन रोटी लैजान्छौ ।" दलवीरले दुःख भए पनि ठूलै रोटी रोज्यो ।

दाउरेले छोरालाई बिर्खे टोपी दियो । आमाले दुःखको रोटी खाजाका लागि पोको पारेर दिइन् । घरबाट निस्कने बेलामा तीन गेडा सग्ला

अक्षता राखेर बट्टामा बन्द गरेर दिइन् । ती अक्षता बल, बुद्धि र विवेक थिए । उनले टीकोटालो गरेर छोरालाई भनिन्- "बाबु, तिमीले दुःखको ठूलो रोटी माग्यौ । बाटोमा दुःखकस्ट भोग्नु पर्ला । जस्तोसुकै दुःख आइपरे पनि निराश नहुनू । त्यस बेला मैले दिएको सानो बट्टा खोलेर हेर्नू । त्यसबाट तिमीलाई मदत हुन्छ ।"

दलवीरले मुसो र भ्यागुतालाई घरबाट निस्कँदा टोपीभित्र लुकाएर लग्यो । गौँथली चरो उसको पछिपछि गयो । ठाउँठाउँमा बास बस्दै दलवीर घनघोर जङ्गलमा पुग्यो । एक दिन उसको बास वनमै भयो । मध्यरातमा त्यहाँ सिकारी कुकुरसहित केही मानिस आए । ती मानिस त्यही देशका राजाका फौज रहेछन् । उनीहरू राजकुमारीका लागि योग्य वर खोज्न हिँडेका रहेछन् । त्यो एक्लो निडर जवान केटो देखेर तिनीहरूले त्यसैलाई योग्य वर सम्झेर लिएर गए ।

राजाको सामु लगेपछि राजाले त्यो केटालाई राम्ररी हेरे । त्यसपछि राजाले दुइचारओटा प्रश्न सोधे । राजालाई केटोको जवाफ ठीकै लाग्यो । अन्तमा राजाले एउटा कठिन काम गर्ने सर्त राखे । त्यो सर्त भोलि दिनभरिमा सय हात लामो, सय हात फराकिलो र सय हात गहिरो पोखरी खनेर तयार गर्नुपर्ने थियो । सर्त पूरा गरेमा राजाले आफ्नी छोरीसँग बिहे गरिदिने भए । सर्त पूरा गर्न नसकेमा भोलि नै उसको टाउको काटिने भयो ।

सर्त नमानेमा तुरुन्तै टाउको कटिदिने भन्ने पनि राजाबाट हुकुम भयो । सर्त मन्जुर गर्दा भोलिसम्म बाँचिने भएकाले दलवीरले सर्त

मन्जुर गऱ्यो । त्यसपछि राजाले दलवीरलाई राम्रो खानपिन र आरामसाथ सुत्ने व्यवस्था मिलाइदिए ।



दलवीरलाई खानपिन र सुत्ने व्यवस्था राम्रो भएर पनि निदाउनै सकेन । उसले टोपिभित्रको मुसो र भ्यागुतो साथीलाई आफ्नो सङ्कट सुनायो । तिनीहरूले घरबाट निस्कने बेलामा आमाले दिएको बट्टाका बारेमा सम्झाए । उसले त्यो बट्टा बिस्तारै खोल्यो । बट्टाभित्र तीनजना महापुरुष रहेछन् । तिनीहरूले भने- “चाहिएको बेलामा बट्टा खोलेर

हामीलाई काम अह्राउनू । जस्तोसुकै गाह्रो काम गर्नुपरे पनि हामी तयार छौँ" । त्यसपछि ऊ ढुक्कले सुत्यो ।


भोलिपल्ट दलवीरले दिनभरिमा पोखरी तयार पारिदियो । राजा खुसी भए । ऊसँग छोरीको बिहे गरिदिने पक्कापक्की भयो । काम सकेर दलवीर आनन्दले सुत्यो । ऊ मस्त निदाएको बेलामा राजाका दुष्ट भारदारले उसको खानतलासी गरे । उनीहरूले सानो बट्टा भेट्टाए र खोलेर हेरे । बट्टाबाट सानासाना महापुरुषले 'के काम छ ? सेवामा हाजिर छौँ भने' । त्यसपछि तिनीहरूले महापुरुषलाई "पोखरी गायब पारिदिनू" भनी आज्ञा दिए ।

पोखरी हरायो । त्यो सब कुरा मुसा र भ्यागुताले हेरिरहेका थिए । त्यो बट्टा लिएर भारदार सुत्न गए । मुसो बिस्तारै पछिपछि गएर त्यो बट्टा चोरेर ल्यायो । बट्टा भ्यागुताले पोखरीमा लगेर लुकेर बस्यो ।

भोलिपल्ट पोखरी हराएको खबर राजाको कानमा पऱ्यो । राजालाई साह्रै रिस उठ्यो । राजाले त्यो केटालाई समातेर झ्यालखानमा राख्ने आदेश दिए । मुसो र गौथलीले सबै कुरा दलवीरलाई बताइदिए । बेलुकी त्यो बट्टा भ्यागुतो र मुसाले दलवीरको कोठामा पुऱ्याए । दलवीरले महापुरुषलाई पोखरी तयार गर्ने आदेश दियो । पोखरी तयार भयो । फेरि पोखरी तयार भएपछि बट्टा चोर्ने भारदार भागे ।

त्यसपछि राजकुमारीसँग दलवीरको धुमधामसँग बिहे भयो । राजाको शेषपछि दलवीर त्यसै देशको राजा भयो ।


# छट्टु बाँदरको बिहे




आँपखोलाको वनमा धेरै थरीका जनावर बस्थे । उनीहरूबीच राम्रो मेलमिलाप थियो । एक दिन त्यहाँ एउटा छ्याके बाँदर आइपुग्यो । उसले संसारमा आफ्नो कोही नभएको बतायो । उसले छोराछोरी र स्वास्नीलाई खोलाको बाढीले बगाएको कुरो भन्यो ।



छ्याकेको मलिन अनुहार देखेपछि अरू जनावरहरूले छ्याकेलाई साँच्चै पिर परेको ठाने । उनीहरूलाई विश्वास दिलाउन सकेकोमा छ्याके मनमनै खुसी भयो । बाहिर भने धेरै दिनसम्म मलिन अनुहार



बनाइरह्यो । केही दिन छ्याके बकुल्लाकहाँ पाहुना भएर बस्यो । त्यसपछि अरू जनावरले उसका लागि एउटा घर बनाइदिए । केही दिनका लागि खानेकुराको बन्दोबस्तसमेत गरिदिए । ऊ अल्छी थियो । अरूले जम्मा पारिदिएको खाने कुरा सिद्धिएपछि पनि खानेकुराको खोजीमा निस्किएन । बरु साना जनावरहरूलाई धाक दिन थाल्यो । छ्याके बाँदर वनमा आएदेखि विवाद अलि बढी हुन लागेको थियो । छ्याके आफ्ना स्वास्नी र छोराछोरीसँग झगडा गरेर त्यहाँ आएको रहेछ । सबै जनावरले यो कुरो चाल पाए । छ्याके यो कुरा कसैले थाहा पाएका छैनन् भन्नेमा थियो । उसले जनावरहरूको एउटा बैठकमा आफ्नो विवाह गरिदिन जनावरका नाइकेसँग विन्ती गर्‍यो । विवाहका निम्ति केटी खोजेको खबर




लिएर एकदिन फ्याउरो र कृष्णसार छ्याकेकहाँ आए ।

छ्याके अत्यन्तै खुसी भयो । अरू जनावरहरू पनि छ्याकेलाई मूर्ख बनाउन पाइने भयो भनेर मनमनै दङ्ग परे ।

जन्ती बेहुलीको घर गए । बेहुलो बनेको बाँदर दङ्ग परेको थियो । ऊ दाऱ्ही काटेर चिटिक्क बनेको देखिन्थ्यो । बेहुली लिएर जन्तीहरू घर फर्के । बेहुली बाँदर हुँ...हुँ...गर्दै रोइरहेकी थिई । "म सौतामाथि किन आएँ हुँला ।" यिनले मलाई फेरि अर्को सौता हाले के गर्नु ?

"म माया गरेर पाल्छु" । बेहुलाले फकाउँदै भन्यो । यसपछि उसले बेहुलीको मुख हेऱ्यो । ऊ झसङ्ग भयो । उसले भर्खर बिहे गरेर ल्याएकी बेहुली बाँदर त उसकी पहिली स्वास्नी पो रहिछे । त्यतिखेर



जन्ती भएका अरू जनावरहरूले छ्याकेलाई खुब गिज्याए । ताली पिटे । छ्याके बाँदर लाजले रातोपिरो भयो ।


यसपछि छ्याकेले सबैका सामु आफूले गल्ती गरेकोमा हात जोड्दै माफी माग्यो । गल्ती महसुस गर्दै क्षमा मागेकोमा सबै जनावर खुसी भए । त्यसपछि छ्याके आफ्नी स्वास्नी र छोराछोरीका साथमा सबैसँग मिलेर यसै वनमा बस्न लाग्यो ।

# घमन्डी राक्षस

गेहेन्द्र दाहाल



एकादेशमा एउटा राजा थिए । प्रजाका हितका लागि उनले धेरै काम गरेका थिए । राजाको छोरा थिएनन् । राजाकी एउटी राजकुमारी थिइन् । यिनै राजकुमारीबाट भविष्यमा राज्य सञ्चालन हुन्छ भन्नेमा सबै प्रजा ढुक्क थिए । राजकुमारी साहसी र राम्री थिइन् । राजकाजको कार्यमा राजकुमारी पनि लागेकी थिइन् । राजकाजको काममा राजकुमारी प्रजाका घरदैलोमा जाने गर्दथिन् । सुरुमा राजकुमारी बाहिर जाँदा कहिले बग्गीमा र कहिले घोडामा जाने गर्दथिन् । पछि राजकुमारी बाहिर जाँदा एक्लै जान थालिन् । उनी गाउँमा गएर सकेसम्म प्रजालाई सहयोग गर्थिन् । यो कामले



राजकुमारी लोकप्रिय भइन् । प्रजाहरू राजकुमारीको गुणगान गर्दथे । राजकुमारीको कामबाट राजा ज्यादै खुसी भए । राजालाई योग्य उत्तराधिकारी पाएको महसुस भयो ।

राजकुमारीको काम गर्ने क्षेत्रमा एक युवक थियो । उसको नाम भूपाल थियो । भूपाल राम्रो थियो । गाउँ आउने जाने क्रममा राजकुमारी र भूपालको चिनजान भयो । राजकुमारी र भूपालको घनिष्टता बढ्दै गयो ।

राजकुमारीले राजकाजको जिम्मा पाएको क्षेत्रमा एउटा राक्षस पनि थियो । राक्षस घमन्डी थियो । राक्षस आफूलाई बलियो ठान्थ्यो । राजकुमारी राक्षसलाई उमेरमा जेठो भएको कारणले आदर गर्थिन् ।


Ac: 106342

एक दिन राक्षसले राजकुमारीलाई भन्यो- "राजकुमारी तिमी मसँग बिहे गर । हैन भने म तिमीलाई बेपत्ता गरिदिन्छु ।" राक्षसको कुराले राजकुमारी अलमलमा परिन् । भूपालले यो कुरा थाहा पायो ।



उसले तुरुन्तै राक्षसको जगल्टा समातेर तीन फन्का घुमायो । अब राक्षसले आफूभन्दा बलिया अरू पनि रहेछन् भन्ने थाहा पायो । राक्षस भूपालको हातबाट फुत्केर भाग्यो । राजकुमारीलाई बेपत्ता पार्छु भन्ने राक्षस आफैँ बेपत्ता भयो । राजकुमारीले भूपालसँग बिहे गर्ने कुरा चलाइन् । राजकुमारीको प्रस्ताव भूपालले मञ्जुर गऱ्यो । उनीहरूको बिहे भयो । भूपालले राजकुमारीको काममा सहयोग गर्न लाग्यो ।













99933-712-5-4

*Cover design : Shreehari Shrestha*